# वार्षिक नीति तथा कार्यक्रम

## (आर्थिक वर्ष २०८०/०८१)

**छबिसपाथिभेरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**ब्याँसी, बझाङ**

**सुदूरपश्चिम प्रदेश,नेपाल**

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

१२ औँ गाउँसभामा उपस्थित गाउँसभा सदस्यज्यूहरु, कर्मचारी मित्रहरु एवं पत्रकार महोदय यहाँहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछुँ । सर्वप्रथम नेपालको विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

छबिसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । गत वर्ष सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदानमार्फत निर्वाचित गर्नुहुने आदरणीय छबिसपाथिभेरा गाउँपालिकाबासी आमा बुवा,दाजुभाइ तथा दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु।

छबिसपाथिभेरा गाउँपालिकाको विकास,सुधार र समृद्धिको लागि नेपालको संविधान तथा संघीय,प्रदेश र स्थानीय सरकारका कानुनद्वारा निर्देशित काम,कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौँ । हामीले परिकल्पना गरेको समृद्ध गाउँपालिका निर्माण गर्नको लागि उत्पादनमुखी ग्रामीण अर्थतन्त्रको विकास गर्दै शिक्षा क्षेत्रको व्यापक सुधार गरेर अघि बढ्नुपर्ने पहिलो कर्तव्य हुन आएको छ । यस गाउँपालिकाको विकासको मूल ढोकाको रुपमा रहेको भाँडेबजारदेखि गाउँपालिकासम्मको सडकलाई तत्काल कालोपत्रे बनाई अन्य सडकको स्तरोन्नति गर्दै कालोपत्रे बनाउनु पर्ने देखिएको छ । सेवाग्राहीले सरल,सहज,बिना झन्झट र शीघ्र सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना तथा सञ्चार प्रविधिको अनिवार्य प्रयोग गर्नुपर्नेदेखिएको छ । हाम्रो र यहाँका नागरिकहरुको सुशासनप्रतिको चाँसो अनि छिटो,छरितो, गुणस्तरीय सेवा प्रवाह, जनउत्तरदायी जनप्रतिनिधि र जिम्मेवारीबोधले युक्त राष्ट्रसेवकहरुको सामूहिक बुझाई र जनताप्रतिको सुझबुझपूर्ण दायित्वबोधले हामीलाई समृद्ध र विकसित गाउँपालिका निर्माणको अभिभारा पूरा हुनेछ भन्ने विश्वास गरेको छु । आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकोले प्रस्तुत नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्ने प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । कृषि,शिक्षा,स्वास्थ्य,रोजगारी,उद्यमशीलता,सामाजिक विकास, युवा तथा खेलकुद,भौतिक पूर्वाधारविकास,खानेपानी तथा सरसफाइ,विपद् व्यवस्थापन,न्याय निरुपणजस्ता विषयगत क्षेत्रको लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडि बढाउँदै तीव्र र दिगो आर्थिक विकास गरी **"समृद्ध नेपाल सुखी नेपाली" को** मूल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ । सेवाप्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीमा जोड दिई सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनुपर्ने अवस्था देखिन्छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा व्यवशायमा आबद्ध महानुभावहरुलाई सहयोग,समन्वय,सहकार्य,सक्रीयता र सल्लाहको लागि हार्दिक अनुरोध गर्दछु।

बसन्त बहादुर घलाउने
अध्यक्ष

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

**छबिसपाथिभेरा गाउँपालिकाको समग्र विकास तथा समृद्धिको लक्ष्य प्राप्तिमा विद्यमान अवसर तथा चुनौतीहरु यस प्रकार रहेका छन् :**

हाम्रा लागि देहायबमोजिमका अवसरहरू रहेका छन् :

१. संविधानत:अधिकार सम्पन्न स्थानीयसरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून निर्माण तथा योजना तर्जुमाको अभ्यास हुनु।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेटस ञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता र प्राकृतिक श्रोत साधनको उपलब्धता रहनु।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।

६. सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु।

७. कृषिजन्य उत्पादनको वृद्धिको लागि सुहाउदो तथा उपयुक्त हावापानी हुनु।

८. सूचना तथा सञ्चार प्रविधिको विकास एवं विस्तारले गर्दा सञ्चार,समन्वयगर्दै शीघ्र सेवा सुविधा प्रदान गर्न सकिने वातावरण सिर्जना हुनु।

९. नियमित रुपमा स्थानीय कार्यपालिका तथा गाउँसभाको बैठक सञ्चालन हुनु।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन् :

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।

२. संघीय एवं प्रादेशिक तहबाट प्राप्त हुने सबै शीर्षकको बजेटको मात्रालाई बढाउनु।

३. समयक्रममा सिर्जना हुने अनेकौं संङ्कटलाई न्यूनीकरण गर्दै विकासको गतिलाई तीब्र बनाउनु।

४. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।

५. गुणस्तरीय बीउबिजन,मलखाद समयमा नै उपलब्ध गराउनु।

६. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।

७. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।

८. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।

१०. बिकट तथा कठिन भौगोलिक परिस्थितिसँग जुधेर पालिका भरिको सन्तुलित र समन्यायिक विकास गर्नु।

११. सडक लगायतका पूर्वाधारको उपयोग, योजना डिजाइन स्टेमेट बिना गरिने सडक तथा अन्यपूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु।

१२. भिरालो ठाउँ ,बाढीपहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१३. अव्यवस्थित बस्ती बिस्तारको क्रमलाई रोकी व्यवस्थित बस्ती विकास गर्नु।

१४. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु।

१५. प्राकृतिक स्रोत तथा नदी जन्य पदार्थ (ढुंगा,बालुवा ,गिट्टी) आदिको अत्यधिक दोहन रोक्नु।

१६. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मूल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु।

१७. बदलिंदो परिस्थिति अनुरुप समस्त जनताका आकांक्षाहरु सम्बोधन गर्नु।

बसन्त बहादुर घलाउने
अध्यक्ष

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधार,सोच,लक्ष्य,उद्देश्य र अपेक्षित लक्ष्य प्रस्तुत गर्न चाहन्छु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू :**

आगामी नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरुलाई लिइएको छ :

१. नेपालको संविधान,२०७२
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४(संशोधनसहित)
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
६. संघीय र प्रदेश सरकारबाट प्रस्तुत नीति,कार्यक्रम तथा बजेट,
७. नेपाल सरकारको चालु पन्ध्रौँ पञ्चवर्षीय योजना,
८. संघ,प्रदेश सरकारले जारी गरेका ऐन,कानुन,नियमावली,मार्गदर्शन,कार्यविधि,मापदण्डहरु
९. दिगो विकास लक्ष्यहरु,
१०. छबिसपाथिभेरा गाउँपालिकाले निर्माण गरी लागु गरेका ऐन, कानुन, नियमावली, मार्गदर्शन, कार्यविधि, मापदण्डहरु एवं निर्देशिकाहरु,
११. संघ, प्रदेश तथा गाउँपालिकाका आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरु,
१२. मध्यमकालीन खर्च संरचना,
१३. उपलब्ध स्रोत एवं साधन,
**१४.** विभिन्न व्यक्ति,संघसंस्था,सरोकारवालाहरुबाट प्राप्त राय सल्लाह,सुझावहरु आदि।

**सोच :**

यस गाउँपालिकाको दिर्घकालीन सोच निम्न रहेको छ -

**"कृषि, स्वास्थ्य, शिक्षा र गुणस्तरीय पूर्वाधार,समृद्ध छबिसपाथिभेरा निर्माणको आधार"**

**लक्ष्य :**

स्रोत साधनको उच्चतम परिचालन र न्यायोचित वितरणद्वारा नागरिकको आर्थिक,सामाजिक स्तरमा वृद्धि गर्दै समृद्ध,समानतामूलक र सुशासनयुक्त छबिसपाथिभेरा गाउँपालिका निर्माण गर्ने।

**उद्देश्य :**

१. कृषि,शिक्षा ,स्वास्थ्यएवं भौतिक पूर्वाधारको विकास र विस्तार गरी गाउँपालिकालाई आर्थिक समृद्धितर्फ उन्मुख गराउने।
२. गाउँपालिकाभित्र सडक यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज वनाउने
३. उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधीन र समाजवाद उन्मुख ग्रामीण अर्थतन्त्रको निर्माण गर्ने।
४. सार्वजनिक सेवालाइ प्रभावकारी बनाई जनतालाई सुशासनको प्रत्याभूति दिने।
५. महिला,दलित,बिपन्न,उपेक्षित र गरिबीको रेखामुनि रहेका गाउँपालिकाका नागरिकलाई सामाजिक र आर्थिक समानता कायम गर्ने।
६. विपद् जोखिम न्यूनीकरण,उद्धार,राहत एवं वन वातावरण र जलाधार संरक्षण गर्ने।

**प्राथमिकिकरण**

१. शिक्षा,स्वास्थ्य र सरसफाइमा जोड
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा व्यावशायीकरण
३. सडक तथा यातायात
४. वन,वातावरण तथा विपद् व्यवस्थापन
५. प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड

**दीर्घकालिन नीतिहरु**

१. सीमित स्रोत र साधनको अधिकतम प्रयोग तथा परिचालन गरी स्थानीय तहको सर्वाङ्गीण विकास गर्ने।
२. सम्पूर्ण महिला,दलित जनजाति, अपांग,आदिवासी, अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मूल प्रवाहमा समावेश गराउने।
३. गाउँपालिका भित्रका दैनिक रुपमा सवारी साधन चल्ने सडकरुलाई क्रमिक रुपमा स्तरोन्नति तथा कालोपेत्र गर्दै लगिने।
४. दिगो विकास,सुशासन, कृषि उपज वस्तुमा आत्मनिर्भरता कायम गर्दै क्रमश:विकसित तथा नमूना गाउँपालिका निर्माण गर्ने।
५. गाउँपालिकाको सम्पूर्ण बस्तीहरुमा विधुतीकरण गर्ने ।
६. स्थानीय स्तरमा रोजगारीका सम्भावनाहरुको पहिचान गरी गाउँपालिकाबासीहरुमा उद्यमशीलताको विकास गर्ने।
७. **"कृषि उत्पादनमा वृद्धि, गाउँपालिको समृद्धि"** भन्ने अवधारणा अनुसार कृषि क्षेत्रको आधुनिकीरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिने।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**

**अब,म विगतलाई स्मरण गर्दै चालु आ.व.को क्षेत्रगत प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

क. **पुर्वाधार विकास**

१. गाउँपालिका भरिमा खानेपानी निर्माण तथा मर्मततर्फ जम्मा २४ वटा योजनाहरु सम्पन्न भएका छन्।
२. सिँचाई कुलो तथा सिंचाई पोखरीहरुको निर्माणतर्फ १९ योजनाहरुको निर्माण कार्य सम्पन्न भएको छ।
३. गाउँपालिकाका विभिन्न वडाहरुमा अवस्थित २७ वटा मन्दिरहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ।
४. गाउँपालिकाको विभिन्न वस्तीसम्मको पहुँच विस्तारका लागि ५ कि.मि सडकको निर्माण कार्य सम्पन्न भएको छ।
५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत २ कोठे ४ वटा र ४ कोठे २ वटा गरी जम्मा ६ वटा विद्यालय भवनहरु निर्माणको अन्तिम चरमा रहेका छन्। साथै गाउँपालिकामार्फत २ वटा शौचालयहरुको निर्माण कार्य सम्पन्न भएको छ।
६. विद्युत विस्तारअन्तर्गत वडा नं ३ र वडा नं ४ मा राष्ट्रिय विद्युत प्रसारण लाईनको पहुँच विस्तार गरी संञ्चालनमा ल्याई गाउँपालिकाको केन्द्रमा समेत विस्तार गर्ने काम भईरहेको छ।
७. भूक्षयीकरण नियन्त्रणका लागि पाँच वटा स्थानमा तटबन्धन निर्माणका योजनाहरु सम्पन्न भएका छन्।
८. वडा नं २ र वडा नं ४ मा वडा कार्यालय भवनहरु निर्माणधीन अवस्थामा रहेका छन्।
९. विभिन्न बस्तीमा लगभग १२ सय मिटर PCC (पिसिसि) बाटो निर्माण सम्पन्न भएको छ।

१०. यस पालिकाअन्तर्गत वडा नं २ मा नेपाल टेलिकमको टावरमा विद्युत लाईन गरी सञ्चारको पहुँचमा वृद्धि भएको छ ।

११. दुईवटा झोलुङ्गे पुलको निर्माण सम्पन्न तथा २ वटा थप पुलहरुको निर्माणको प्रकृया अगाडि बढाएको छ।

१२. ६ वटा सामुदायिक भवनहरु निर्माण सम्पन्न भएको छ।

१३. बाढीपहिरोको क्षतिलाइ न्युनीकरण गर्न ग्याबिन जाली तथा RCC Wall निर्माण गरिएको छ ।

१४. गाउँपालिकाभित्रको मुख्य सडक,सबै शाखा सडकहरुको कुल ४७ किलोमिटर सडकको स्तरोन्नति तथा नियमित सफाई गरी दैनिक आवागमनमा सहज भएको छ।

१५. चैनपुर जयपृथ्वीनगर ब्याँसी हुँदै बिसौनाचौर बुङ्गल सडक खण्डको ५ किलोमिटर स्तरोन्नति सम्पन्न भएको छ।

ख. **सामाजिक विकास**

१. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्वयंसेवक शिक्षक कार्यविधि निर्माण गरी तहगत र विषयगत स्वयंसेवक शिक्षक नियुक्ति तथा व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ।

२. आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा पालिकास्तरमा व्यवस्थित र मर्यादित रुपमा संञ्चालन गरी प्रमाणीकरण गर्ने कार्य गरिएको छ।

३. यस गाउँपालिकाअन्तर्गत संचालनमा रहेको श्री जनप्रिय माध्यमिक विद्यालय,बगडगाउँमा नमूना विद्यालयको स्वीकृत गुरुयोजनाअनुसारका निर्माण कार्यहरु नियमित सञ्चालनमा रहेका छन्।

४. मासिक, त्रैमासिक रुपमा जनप्रतिनिधिहरु र शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरु सम्मिलित भई विद्यालय अनुगमन तथा सुपरीवेक्षणका कार्यहरु भएका छन्।

५. गाउँपालिक भरिका विद्यालयहरु एकरुपताका साथ संञ्चालन तथा व्यवस्थापनका लागि शैक्षिक पात्रो २०८० निर्माण गरी प्रत्येक विद्यालय र शिक्षकको हातहातमा उपलब्ध हुने गरी वितरण गरिएको छ।

६. सामुदायिक विद्यालयमा अध्ययनरत (कक्षा १-८) सम्पूर्ण छात्राहरु, दलित समुदायका विद्यार्थीहरु, अपाङ्गता भएका विद्यार्थीहरु, विशेष कक्षाका विद्यार्थीहरु र असहाय बालबालिका हरुलाई छात्रवृत्ति वितरणका कार्य सम्पन्न गरिएको छ।

७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन तथा तथा ब्यवस्थापन कार्य सुसम्पन्न गरिएको छ।

८. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरणको व्यवस्था गरिएको छ।

९. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन प्रक्रियालाई नियमित गरिएको छ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा न्यायोचित दरवन्दी वितरण गर्न दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ।

११. "**निःशुल्क,समानतामूलक, प्रविधिमैत्री एवम् गुणस्तरीय शिक्षा; सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा** " दुरदृष्टिका साथ दश वर्षे गाउँशिक्षा योजना निर्माणको चरणमा रहेको छ।

१२. आधारभूत तह कक्षा (१-८) स्थानीय विषयको पाठ्यक्रम निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।

१३. संघीय सरकारबाट हस्तान्तरित शिक्षा क्षेत्रका कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार पारदर्शी रुपमा कार्यान्वयन गर्ने गरिएको छ।

१४. लक्षित वर्ग (महिला, दलित, अपाङ्ग, बालवालिका र जेष्ठनागरिक ) कार्यक्रम सशक्तिकरणमा ध्यान दिदै आयआर्जन तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गरिरएका छन् ।

१५. घरेलु तथा महिला हिंसालाई न्यूनीकरण गर्न वडा तथा गाउँपालिका स्तरीय विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

१६. जीविकोपार्जन सम्बन्धी एकल तथा दलित महिला लक्षित सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएका छन् ।

१७. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गाराउन सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको बैंकमार्फत् वितरण गर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गरिएको छ ।

१८. स्वास्थ्य क्षेत्रमा औषधीको अभावहुन नदिनसाथै उपचारपूर्व रोकथामको विषयमा स्वास्थ्य शिक्षा दिनका लागि टोलटोलमा हरेक स्वास्थ्यकर्मी पुग्ने व्यवस्था गरिएको छ ।

१९. शसर्त अनुदानका कार्यक्रमहरु निरन्तर रुपमा सन्चालन गरिएका छन् ।

२०. सबै नागरिकहरुलाई कोभिड १९ विरुद्धको खोप लगाईएको छ ।

२१. गाउँपालिका अन्तर्गतको आयुर्वेदिक शाखामार्फत गरिने स्वास्थ्य सेवालाई निरन्तरता दिइएको छ।

२२. खानेपानी,सरसफाई तथा स्वच्छता,जीविकोपार्जन र सुशासनको क्षेत्रलाई लक्षित गरी गाउँपालिकास्तरीय क्षमता विकास,तालिम गोष्ठी र अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु गरिएका छन् ।

२३. सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धीका सामग्रीहरु वितरण गरिएको छ । बिउँ बिजन तथा कृषि औजारहरु वितरण गरिएको छ ।

२४. गाउँपालिक अन्तर्गत रहेका स्वास्थ्य चौकीमा जेष्ठको आ नागरिकहरुको आँखाको निः शुल्क परीक्षण शिबिर संञ्चालन गरी ६१ जना मोतिबिन्दु भएका बिरामीहरुको निःशुल्क अप्रेशन गरिएको छ ।

२५. गाँउपालिकाअन्तर्गत रहेका ९ वटै स्वास्थ्य चौकीबाट बर्षको २ पटक ग्रामीण अल्ट्रासाउण्ड शिबिर संञ्चालन गरिएको छ ।

२६. गाँउपालिकाअन्तर्गत रहेका स्वास्थ्य चौकीमा प्रजनन उमेर समूहका महिलाहरुका लागि पाठेघरको क्यान्सर साथै पाठेघर खसेको पत्ता लगाउनको लागि स्र्क्रिनिङ्ग शिबिर संचालन भएको छ ।

२७. गाँउपालिकाअन्तर्गत रहेका शान्ति मा बि, जनप्रिय मा बि र बाठपाली मा बि,विद्यार्थीहरुको निः शुल्क आँखा परीक्षण शिबिर संचालन गरेको ।

२८. स्वास्थ्यकर्मीहरुका लागि क्षमता अभिबृद्धिको लागि गरिने बिभिन्न किसिमका तालिम तथा गोष्ठीहरु संचालन भएका छन् ।

२९. बिद्यालयमा अध्ययनरत करीब २२०० विद्यार्थिहरुलाई कोभिड सम्बन्धी मोडर्ना खोप लगाएको र गाँउपालिकाअन्तर्गत रहेका बिभिन्न उमेर समूहका ब्यक्तिहरुका लागि २१९३ जनालाई कोभिडको फाइजर खोपको बुस्टर मात्रा उपलब्ध गराएको छ ।

३०. बिद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाइ अर्धबार्षिक र बार्षिक रुपमा जुकाको औषधि बितरण गरिएको र किसोरीहरुलाइ आइरन तथा फोलिक एसिड बितरण र स्वास्थ्य परिक्षण कार्य संञ्चालन गरेको छ ।

३१. बिभिन्न विद्यालयका छात्राहरुलाई आत्म सुरक्षा तालिम दिएको छ ।

३२. शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई क, ख, ग, र घ बर्गको अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ ।

## ग. आर्थिक विकास

१. गाउँपालिकाभरिका विभिन्न क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन अवलोकन गरी फलफूल खेतीको सम्भावनार्थ १२०० बोट ओखर ४०० बोट, २५० आरु, २५० बोट किवि, २५० बोट स्याउ र २५० बोट नासपातीका विरुवा वितरण गरी ५६ जना कृषकहरु लाभान्वित भएका छन् ।

२. कृषिमा अनुदान कार्यक्रमअन्तर्गत १७.५ टन रासायनिक मल ढुवानीमा सहयोग गरी १५८ जना कृषक लाभान्वित भएका छन।

३. कृषकको क्षमता विकासका लागि पटक पटक समूह छलफल,अनुगमन तथा मूल्याङ्कन गरी सफल कृषकहरुलाई तरकारी तथा फलफूल उत्पादनसम्बन्धी क्षमता विकास तालिमहरु संचालन गरिएको।

४. गाउँपालिकाभित्रका नमूना कृषकहरु छनोट गरी एक टोल एक उत्पादन कार्यक्रमअन्तर्गत नगदे बालीमा प्रोत्साहन गरिएको।

५. गाउँपालिकाको प्रत्येक वडामा एकाएक वटा नर्सरी स्थापना गरिएका छन्, ती नर्सरीहरुबाट सुन्तला, कागती,अनार,मौसमी,ओखर लगायतका करिब १४ हजार ५ सय बिरुवाहरु उत्पादन भई कृषकहरुलाई बितरण गरिएको छ र केही बिरुवाहरु बितरण गर्ने तयारीमा रहेको छ।

६. गाउँपालिकाभरि बेमौसमी तरकारी खेती गर्न प्लाष्टिक टर्नेल,सिकेचर,थोपा सिचाइँ, लगाएतका सामाग्रीहरु सहयोग गरी करिब २२ वटा प्लाष्टिक घर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ।

७. गाउँपालिकाभित्र बिभिन्न वडाबाट माटोको नमूना संकलन गरी करिब ८२ वटा स्थानको माटोको नमूनाहरु चेकजाँच गरी कृषकलाइ प्रतिबेदन उपलब्ध गराइएको छ ।

८. यस गाउँपालिकाको वडा नं. ४ मा अदुवा खेती वडा नं ६ मा बेसार खेती र वडा नं ७ मा स्याउ खेतीलाई व्यावसायिक रुपमा संञ्चानमा ल्याएको छ।

९. खाद्यान्न बालीको बीउ उपयोगमा मूल्य अनुदान प्रदान गरी गाउँपालिकाभित्रका ११२ घरधुरीलाई उन्नतजातको गहुँको बीउ उपलब्ध गराएको छ।

१०. आलु बालीको पकेट कार्यक्रम संञ्चालन गरी २ वटा कृषक समुहका ८७ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

११. यस गाउँपालिकाभित्रका व्यावसायिक कृषक तथा कृषक समूहले उत्पादन गरेको कृषि उपजको बजारीकरण गरी २ वटा कृषक समूहद्वारा आलु र बन्दा ,टमाटर, लगाएत २५० क्विन्टल निर्यात गरिएको छ ।म

१२. गाउँपालिकाभरिका कृषकहरुलाई यसै आ. व. मा २५०क्विन्टल रसायनिक मल समयमै उपलब्ध गराइएको . छ।

१३. बिभिन्न बालीनालीमा देखा परेका रोग तथा किराहरुको प्रकोप नियन्त्रण गर्न बिभिन्न जैबिक तथा रासायनिक बिषादीहरु प्रयोग गरी सेवा उपलब्ध गराएको छ।

१४. गाउँपालिकाभरि हालसम्म विभिन्न कृषक समूह तथा फर्महरुलाइ गोरु र जनशक्तिको अभावको कारणले खेतबारी बाझो राख्ने अबस्थालाई निरुत्साहित गर्न हाते टेक्टर बितरण गरिनेछ।

१५. यसै चालु आ.व.मा २ वटा सिँचाइ कुलो निर्माण गरी कृषकलाई सिँचाइ सुबिधा पुऱ्याइएको छ।

१६. ३ वटा साना सिँचाई योजना योजनाहरु सम्मन्न गरिएको छ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४ वटा घोरेटो बाटो,१ वटा खानेपानी,१ वटा सडक स्तरोन्नति निर्माण गरी २४३० घरधुरी लाभान्वित भई ७२ जनाले रोजगारी पाएका छन्।

१८. पशुहरुमा लाग्ने बिभिन्न किसिमका रोगहरुको रोकथाम गर्नका लागि१५०० घरधुरीमा घरदैलो औषधी उपचार गरिएको छ।

बहादुर घलाउनो

१९. ३००घरधुरीमा रहेका घरपालुवा कुकुरहरुलाई रेबिज बिरुद्धको खोप प्रदान गरिएको छ।

२०. ४०० घरधुरीमा बाख्राहरुलाई PCR खोप बाट भ्याक्सिनेशन गरिएको छ।

२१. गाँउपालिकामा पशुहरुको कृतिम गर्भधारण कार्यक्रम संचालनमा आएको छ।

२२. उद्योग बिकास शाखा अन्तर्गत महिला लक्षित कार्यक्रम अन्तर्गत एकल महिला,दलित,द्वन्द पिडित जस्ता १६ जना महिलाहरुलाई सिलाइ कटाइ सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

२३. यस गाउँपालिकाभित्रका २० जना विद्यार्थीहरुलाई ३ महिने कम्प्युटर तालिम सञ्चालन गरिएको छ।

२४. यस गाउँपालिकाभित्र दलितलक्षित कार्यक्रम अन्तर्गत १६ जनालाई आरन सम्बन्धी सिप विकास तालिम सहित सामाग्री प्रदान गरिएको छ।

२५. त्यसै गरी गाउँपालिकाभित्र रहेका १० जना व्यक्तिहरुलाई हाउस वाइरिङ्ग र Dish Home सम्बन्धी तालिम दिइएको।

२६. पर्यटन प्रवर्द्धन तथा धार्मिक सम्पदा संरक्षण गर्नको लागि मष्टा मन्दिर र दुर्गा मन्दिरको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न भएको छ।

**घ. वन,वातावरण तथा विपद् व्यवस्थापन**

१. छबिसपाथिभेरा गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि,२०७९ निर्माण गरी कार्यान्वयन गरिएको छ।

२. विपद् राहत वितरण सम्बन्धी मापदण्ड, २०७९ निर्माण भई सोहीअनुसार राहत वितरण गरिएको छ।

३. विभिन्न किसिमका विपदबाट पीडित ७५ घरपरिवारलाई राहत वितरण गरिएको छ।

४. पालिकाभित्रका सामुदायिक वनहरुमा घेरबार तथा वृक्षारोपणको कार्यक्रम सम्पन्न गरिएको छ।

५. भौगोलिकहिसाबले उच्च जोखिममा रहेका वडा नं ५ थलारा र वडा नं ०७ को खोरी बस्ती बचाउ अभियानको लागि DPR निर्माणको कार्य सम्पन्न भएको छ।

६. भूक्षय तथा पहिरोबाट जोखिम स्थानहरुमा तट्बन्धन तथा वृक्षारोपण कार्य गरिएको छ।

**ङ. सुशासन तथा संस्थागत विकास**

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अबलम्बन गरी शीघ्र तथा प्रभावकारी सेवा व्यवस्थापन गरिएको छ ।

२. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि शुसासन सम्बन्धि क्षमता विकास तालिम तथा गोष्ठी संञ्चालन गरिएको छ।

३. गाउँपालिकाले २ वटा नियमावली,४ वटा कार्यविधि,१ वटा निर्देशिका, १ वटा नीति, १ वटा कार्ययोजना र १ वटा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको छ।

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमार्फत गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना निर्माण गरी जनशक्ति व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगमा माग गर्नुका साथै कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ।

५. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ।

६. पालिकाको समग्र आर्थिक कारोबार विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत् हुने गरेकोले आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम भई सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजता भएको छ।

७. पालिकामा सञ्चालित विकास योजना तथा कार्यक्रमहरुको नियमित सामाजिक परीक्षण तथा अनुगमन गरी थप प्रतिफलमुखी बनाइएको छ।

८. उपभोक्ताहरुको अधिकतम हितलाई ध्यानमा राखी स्थानीय बजारहरुको अनुगमन गर्ने गरिएको छ।

९. यसै आ.व. देखि गाउँपालिकाले स्थानीय संचितकोष व्यवस्थापन प्रणाली अन्तर्गत राजश्व मोड्युल कार्यान्वयनमा ल्याईएको छ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

अब,म आ.व.२०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. **सामाजिक विकास**

क. **शिक्षा युवा तथा खेलकुद**

**निशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा: सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा"** भन्ने दूरदृष्टिका साथ निम्नानुसारका नीतिहरु अवलम्बन गरिनेछ :

१. प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा प्रवर्द्धनका नवन प्रविधिको प्रयोग गर्न तथा शिक्षालाई प्रविधिसग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानका लागि पहल गरिनेछ।

२. प्रारम्भिक बालकक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक,मानसिक,बौद्विक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन,शैक्षिक सामग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम संचालन गरिनेछ।

३. **"हाम्रो जिम्मा हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं"** भन्ने मूल नाराका साथविद्यालय उमेर समूहका कुनैपनि बालबालिका नछुट्ने गरी विद्यालय भर्ना अभियानका कार्यक्रमहरु संञ्चालन गरिनेछ

४. विद्यालय क्षेत्रको समग्र सुधार तथा विकासका लागि यस गाउँपालिकाबाट स्वीकृत गाउँ शिक्षा योजना कार्यान्वयनमा प्राथमिकता दिइनेछ।

५. गाउँपालिका अन्तर्गत संञ्चालित विद्यालयहरुको नक्साङ्कन,शिक्षक विद्यार्थी अनुपात,तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरी विद्यालय समायोजन, एकीकरण, कक्षा थप , घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ।

६. शिक्षक दरबन्दी कम भएका र शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्नका लागि स्वयंसेवक शिक्षकको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

७. **"स्वच्छ भोजन स्वस्थ जीवन"** भन्ने मान्यतालाई स्थापित गर्न दिवा खाजामा जङ्क फुडलाई निरुत्साहित गर्दै विद्यालयमा दिवा खाजाको स्वच्छता नियमन गर्नुका साथै स्थानीय उत्पादनको उपयोगमा जोड दिने र विद्यालय भान्साघर सुधारका लागि प्रत्येक विद्यालयमा ग्याँस चुल्होको व्यवस्थापन गरिनेछ।

८. शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत नमूना विद्यालयको गुरुयोजनाअनुरुप छनोट भएको विद्यालयलाई व्यवस्थित गर्न नमूना विद्यालय मापदण्ड तयारी तथा कार्यान्वयन गर्ने नीतिको सुरुवात गरिनेछ।

९. विद्यालय सबैको सिकाइको साझा थलो तथा सम्पत्ति हो भन्ने मान्यताको विकास गर्न अभिभावकहरु तथा सरोकारवालाहरुको संग्नतामा विद्यालय समुदाय सहकार्य कार्यकम सञ्चालन गर्न पहलकदमी गरिनेछ।

१०. गाउँपालिकाअन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धिका लागि तालिम, विद्यालयको भौतिक संरचनामा सुधार र शैक्षिक तथा प्रशासनिक व्यवस्थापनका माध्यमद्धारा गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक कार्यक्रमहरु संञ्चालन गरिनेछ।

११. लक्षित वर्गलाई शिक्षामा पहुँचको विस्तार गर्न तथा आथिक सहायता उपलब्ध गराउनको छात्रवृत्ति कोषसम्बधी कार्यविधि तथा कोष स्थापनाको पहल गर्न अन्य संघ संस्था तथा विकास साझेदारहरुसँग हातेमालो गर्ने नीति अवलम्बन गरिनेछ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

१२. सामुदायिक विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिलाई आफ्नो पेशाप्रति जिम्मेवार र उत्तरदायी बनाउन पुरस्कार र सचेत गराउने व्यवस्थालाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ ।शैक्षिक उपलब्धिका आधारमा उत्कृष्ठ विद्यालयउत्कृष्ठ शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कार तथा सम्मानको नीति अवलम्बन गरिने छ।

१३. विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपासमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ । साथै शैक्षिक अनुभव आदानप्रदानका लागि अन्तर विद्यालयअवलोकन, भ्रमणका कार्यक्रमहरु संचालन गरी प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गरिनेछ।

१४. संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण गरी शैक्षिक मापदण्डअनुरुप संञ्चालनमा ल्याइनेछ।

१५. संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेकाले सबै बासिन्दालाई शिक्षाको पहुँच सुनिश्चित गर्न अति विपन्न परिवारका बालवालिकाहरुलाई शैक्षिक सामग्री तथा पोशाकको व्यवस्थापनमा सहयोग गरिनेछ।

१६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उन्नयनका विषयमा सार्वजनिक सुनुवाई तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त शिक्षाविद्हरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम संञ्चालन गरी शैक्षिक सुधारका लागि कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गरिने छ।

१७. **"मेरो पालिका मेरो पाठ्यक्रम"** भन्ने नाराका साथस्थानीय जनशक्ति तथा विशेषज्ञहरुको सहकार्यमा स्थानीय विषयवस्तुहरुको समावेश गरी भाषा परिवेश सुहाउँदो स्थानीय पाठ्यक्रम कक्षा (१-८) निर्माण गरी शैक्षिक सत्र २०८१ देखि लागु गरिनेछ।

१८. **"सुरक्षित विद्यालय सुरक्षित किशोरी कार्यक्रम"** मार्फत माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुका लागि किशोरी आत्मरक्षा कार्यक्रम संञ्चालन गरिने छ। साथै किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड विद्यालयमा नै उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ।

१९. **"सन्तुलित आहार शैक्षिक गुणस्तर अभिवृद्धिको आधार" भन्ने** आदर्श वाक्यका साथविद्यालय पोषण कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न बहुक्षेत्रीय पोषण योजनाअन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई र अन्य संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

२०. नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित दिवा खाजा कार्यक्रम र यसका पूरक कार्यक्रमहरु (विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम,प्रारम्भिक तह पढाइ कार्यक्रम,स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम) साझेदार संस्था विश्व खाद्य कार्यक्रम र यस पालिकाको साझेदारी र समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२१. अध्ययनमा युवाहरुको रुचि जगाउन छबिसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा सुविधासम्पन्न लाइब्रेरी, E-Library निर्माण गरी Free Wifi को समेत ब्यवस्था गरिनेछ।

२२. खेलकुदका माध्यमबाट विद्यार्थीको सर्बाङ्गीण विकासका लागि गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ् शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

२३. तीन/तीन महिनाको अन्तरालमा विद्यालय स्तरीय खेलकुदका तथा प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न प्रतियोगिताहरु संञ्चालन गरिनेछ । विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरुमा उत्कृष्ट खेलाडीहरुलाई थप तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाई जिल्लास्तरीय, क्षेत्रीय,र राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सहभागिताको लागि प्रोत्साहन गर्न पहल गरिनेछ।

२४. विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागि खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

२५. विद्यालयहरु एकरुपताका राथ संचालन तथा ब्यवस्थापनका लागि शैक्षिक पात्रो निर्माण गर्ने नीतीलाई निरन्तरता दिइने छ।

२६. प्राविधिकधार तर्फको विद्यालय श्री बान्नीचौर मा वि लाई थप प्रभावकारी बनाउनको लागि पहल गरिनेछ।



बसन्त बहादुर चलाउने
अध्यक्ष

**ख. संस्कृति**

१. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरुनिर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कलासाहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४. पालिकाभित्र प्रचलित परम्परागत स्थानीय मेला,पर्व तथा उत्सवहरुको संरक्षण तथा प्रचारप्रसार गरी थप व्यवस्थित गर्ने नीति अंगीकार गरिनेछ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. सामाजिक सुरक्षा भत्तालाई सहज र प्रभावकारी तवरले बितरण गर्ने व्यवस्था मिलाइने छ।

२. दलित तथा जनजाति समुदायको चौतर्फी विकासको लागि तिनीहरुको परम्परागत पेशा, सिप, कला, दक्षतालाई सुदृढीकरण गर्दै आधुनिकीकरण गर्नुको साथै मुक्त हलिया,भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आयआर्जनका कार्यक्रममा आवद्ध गरिने छ।

३. छुवाछुत, छाउपडी, लैंगिक हिंसा जस्ता कुरीति र कानूनले वर्जित गरेका कुप्रथाको अन्त्य गर्न सरोकारवालाहरुलाई प्रोत्साहित गरी वडास्तरका जनप्रतिनिधि सहित गाउँ वस्तीमा सामाजिक रुपान्तरण अभियान चलाइनेछ।

४. महिला, दलित तथा सम्पूर्ण लक्षित वर्गहरुको सशक्तीकरण तथा क्षमता विकास नीति कार्यान्वयन गरिने छ।

५. भिन्न क्षमता भएका व्यक्तिहरुलाई आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गरिनेछ।

६. महिला, दलित तथा पिछडिएका समुदायको न्यायमा पहुँचका लागि स्थानीय न्यायिक संरचनामा सुधार तथा सशक्तीकरणको नीति अवलम्बन गरिनेछ।

७. असहाय, बालबालिका तथा एकल महिलालाइ संरक्षण तथा आयमूलक कार्यक्रम संञ्चालन गरिनेछ|

८. अपाङ्गता लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

९. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइ सघन रुपमा परिचालन गरिनेछ।

१०. ज्येष्ठ नागरिक परिचयपत्र वडा स्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

१२. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान "** अभियान संचालन गरी सबैप्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रमसं चालन गरिनेछ।

१३. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१४. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवशायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१५. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजातशिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१६. गाउँपालिका तथा वडास्तरीय बालक्लब संञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

बसन्त बहादुर घलाउनी
अध्यक्ष

१७. बालविवाह न्यूनिकरण तथा महिनावारी स्च्छता व्यवस्थापन सम्बन्धि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१८. दलित विकास समिति बनाइने निती लिइनेछ।

१९. विभिन्न समयमा जनयूद्ध जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिद पारिवारलाई मासिक रु ३०००। प्रोत्सहान भत्ता दिने र घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई उपचार गर्न आर्थिक सहयोगको नितीलाई निरन्तरता दिइनेछ।

**घ. स्वास्थ्य**

१. स्वास्थ्य नागरिकहरुको अति संवेदनशील बिषय र मौलिक हक हो ।यसको सुनिश्चितता गर्दै **"म स्वस्थ मेरो गाउँ स्वस्थ"** भन्ने नाराका साथ स्वास्थ्य सेवा सबैको पहुचमा पुऱ्याउने ब्यबस्था मिलाइनेछ।

२. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृदिको लागि तालिम गोष्ठीको ब्यबस्था गरिनुका साथै स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्नको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ।

३. गाँउपालिका क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने सबै जातजातिका विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी गराएमा र ३५ दिन भित्रमा सम्बन्धित वडा कार्यालयमा जन्मदर्ता गराउने आमालाई प्रोत्साहन स्वरुप **उपाध्यक्ष पोषण कार्यक्रम** अन्तर्गत पोषिलो आहार गाँउपालिकाको स्वास्थ्य शाखाँबाट उपलब्ध गराउने नीति लिइने छ।

४. अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तरगत जेष्ठ नागरिक अपाङ्ग, असक्त बालबालिकाको र सुत्केरी आमाको घरघरमा महिनाको एक दिन निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ।

५. स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्दै हाल सन्चालनमा रहेका प्रयोगशालालाई सुधार गर्दै लगिनेछ।

६. गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको भौतिक स्तरोन्नति,न्युनतम् औषधी तथा औजार,उपकरणको उपलब्धततता बृद्धि गर्दै लैजानुको साथै औषधि ढुवानी र भण्डारणलाई थप प्रभावकारी बनाइनेछ।

७. पोषणयुक्त खानाको बारेमा सचेतना फैलाउदै पोषण शिक्षा कार्यक्रमलाई प्रभावकारी र नितिजामुखि बनाउनुका साथै कुपोषण भएका बालबालिकालाई उचित उपचार तथा पोषणको प्रबन्ध मिलाउन पहल गरिनेछ।

८. स्वास्थ्य सुचना प्रणली तथा आपुर्ति ब्यबस्थापन सुचना प्रणालीलाई चुस्त र दूरुस्त बनाइनुका साथै सम्पुर्ण स्वास्थ्य संस्थाहरु बाटै अनलाइन माध्यमबाट प्रतिबेदन प्रबिष्ट गर्ने ब्यबस्थालाइ सुनिश्चित गर्नुका साथै तथ्याङ्गको गुणस्तर सुधारका लागि नियमित तथ्याङ्क गुणस्तर लेखाजोखा RDQA तथा नियमित समिक्षा कार्यक्रमलाई थप ब्यबस्थित बनाइनेछ । स्वास्थ्य संस्थाहरुमा आवश्यक फर्म फरम्याटको उपलबधता सुनिश्चितता गरिने छ।

९. स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने दरलाई बढाउन प्रति केन्द्रलाई साधन स्रोत सम्पन्न गराउनुका साथै २४ घण्टा सेवा प्रदानको ब्यबस्था गरिनेछ । साथै **Zero Home Delivery** वडा घोषणाको अवधारणालाई अगाडि बढाइनेछ।

१०. गाँउपालिका भित्र रहेका सबै माध्यामिक बिद्यालयहरुमा बिद्यालय संचालनमा आइरहेको विश्व खाद्य कार्यक्रम अन्तर्गत स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ ।बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत बिद्यार्थीको स्वास्थ्य परीक्षण,आइरन चक्की र अर्धवार्षिक जुकाको औषधी खुवाउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

११. कोटचौघानपाटा स्वास्थ्य चौकीमा खोपको खेर जाने दर कम गर्नका लागि सव कोल्ड सेन्टरको स्थापना गरिनेछ र लेकगाँउ स्वास्थ्य चौकीमा रहेको सव कोल्ड सेन्टरलाई थप ब्यबस्थित गरिनेछ।

१२. नेपाल सरकारबाट सञ्चालित नियमित स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गराउन पहल गरिनेछ।

१३. गाँउपालिकामा एम्बुलेन्स संचालन कार्यबिधि बनाई गाँउपालिका भित्रका सुत्केरी महिलाको लागि गाउँपालिकाबाट बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुर सम्म निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।

१४. कुपोषणबाट ग्रसित बालबालिकाहरुका लागि उपचार गर्नका लागि लेकगाँउ स्वास्थ्य चौकीमा संचालनमा रहेको बहिरङ्ग उपचार केन्द्र (OTC) लाई थप ब्यबस्थित बनाइने छ।

१५. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन गर्भवती महिलाको स्वास्थ्य सुरक्षा तथा पोषणको लागि कार्यक्रम संचालन गरिनेछ।साथै प्रत्येक स्वास्थ्य चौकीमा ३/३ महिनामा गर्भवती महिलालाई नि:शुल्क भिडियो एक्सरे सेवा प्रदान गरिनेछ।

१६. स्त्री रोग तथा पाठेघर खस्ने महिलाको स्वास्थ्य समस्या समाधानको लागि आवश्यक स्वास्थ्य घुम्ती शिबिरको ब्यबस्था गरिनेछ।

१७. सामुदायिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमअन्तर्गत विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१८. **"विषम परिस्थितिमा चिकित्सा शिक्षामा लगानी"** भन्ने नाराका साथ चिकित्सा शास्त्र (MBBS) र स्वास्थ्य परिचालिका (Staff Nurse) को अध्ययनको लागि प्रवेश परीक्षामा सफल भएका १/१ जना विद्यार्थीलाई कार्यविधि निर्माण गरी छात्रवृति प्रदान गरिनेछ।

१९. गाँउपालिकाअन्तर्गत रहेका शारिरीक रुपमा अशक्त ब्यक्तिहरुलाइ Ear machine, ह्विवलचियर, बैशाखी जस्ता सहायता साम्रगीहरु बितरण गरिनेछ।

२०. आयूर्वेदिक विधि तथा औषधि उपचारका बारेमा जनस्तरमा सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका साथै योग शिविर प्रशिक्षण आयूर्वेद स्वास्थ्य शिविर सन्चालन गरिनेछ।

**ङ. खानेपानी तथा सरसफाई**

१. **"स्वच्छ गुणस्तरीय दिगो खानेपानी हाम्रो आवश्यकता, पूर्ण सरसफाईयुक्त गाउँपालिका छबिसपाथिभेराको प्रतिवद्धता"** भन्ने मूल नाराका साथ मुहानदेखि मुखसम्म स्वच्छ पिउने पानीको वातावरण सृजना गर्नको लागि एक घर एक धारा निर्माण कार्यलाई निरन्तरता दिदै खानेपानी योजना क्षेत्रहरुलाई पुर्ण सरसफाई क्षेत्र शुनिश्चितता, मर्यादित महिनाबारी स्वच्छता व्यवस्थापन, तीन तारा विद्यालय स्तरोन्नति जस्ता पर्ण सरसफाईका कार्यहरुलाई निरन्तरता दिई सफा र स्वच्छ समुदायको विकास गर्दै पूर्ण सरसफाई सुनिश्तिता विद्यालय र समुदाय घोषणा गरिनेछ।

२. समुदायलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्धेश्यले गाउँपालिकामा स्थापना गरिएको पानी परीक्षण प्रयोगशालालाई थप व्यवस्थित गरिनेछ।

३. लागत मितव्ययी,पारदर्शिता कायम गर्दै खानेपानी तथा सरसफाई स्वच्छताको क्षेत्रमा सार्वजनिक सुनुवाई, लेखापरीक्षणलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको आधारमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

४. **"योजनाको नियमित मर्मत सम्भार, दीगोपनाको आधार"** भन्ने मूँल मर्मका साथ खानेपानी ,सिचाई ,बहुउपयोगी योजनाहरुको दिगो सञ्चालनका लागि गाउँपालिका स्तरीय मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरि गाउपालिका स्तरीय मर्मत सम्भार कोष स्थापना गरिनेछ।



बसन्त बहादुर चलाउने
अध्यक्ष

४. **"योजनाको नियमित मर्मत सम्भार, दीगोपनाको आधार"** भन्ने मूँल मर्मका साथै खानेपानी ,सिचाई ,बहुउपयोगी योजनाहरुको दिगो सञ्चालनका लागि गाउँपालिका स्तरीय मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरि गाउपालिका स्तरीय मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

५. **"खानेपानी योजना हाम्रो हो, नियमित मर्मत सम्भार गर्नु राम्रो हो"** भन्ने अभियानलाई आत्मसाथ गर्दै प्रत्येक योजनामा मर्मत सम्भार कोषको अनुगमन गर्दै उपभोक्ता समितिको साधारण सभा, बैठकमा सहजीकरण गरि उपभोक्ता समिति र मर्मत सम्भार कार्यकर्ता परिचालन गर्दै योजनाको दिगो व्यवस्थापन सम्बन्धि क्षमता विकासका क्रियाकपापमा जोड दिदै सम्पन्न योजनाहरुको दिगो व्यवस्थापनको नियमित अनुगमनका लागि गाउँपालिका स्तरीय उपभोक्ता समिति सञ्जाललाई सक्रिय गराइनेछ ।

६. खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति (WASH Board) लाई प्रभावकारी बनाउँदै जलउपयोगको लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन समयानुकूल परिमार्जन गरी नयाँ कानुनहरुको निर्माण गरिनेछ ।

७. योजनाहरुलाई भरपर्दो र व्यवस्थित सहकारी संस्थामा आबद्ध हुन प्रेरित गर्दै मर्मत सम्भार कोषलाई सहकारी संस्थामा राख्न सहजीकरण गरिनेछ साथै खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरिनेछ ।

८. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग खानेपानी तथा सरसफाई सम्बन्धि साझेदारी कार्यक्रम संचालन गरिनेछ।

९. लामो समयदेखि गाउँपालिका क्षेत्रमा भोग्दै आएको स्वच्छ पिउने पानीको समस्या र समाधान गर्न हरसम्भव प्रयास गरिनेछ ।

**२. आर्थिक विकास**

**क. कृषि तथा पशुपन्छी**

१. उच्च मूल्यका फलफुल तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यवशायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

२. **"कृषि उत्पादनमा बृद्धि, गाउँपालिकाको समृद्धि"** भन्ने अवधारणा अनुसार कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ ।

३. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, विउबिजन, मलखादको उपलब्धतामा जोड दिइने छ ।

४. एकगाउँ एक उत्पादन कार्यक्रम संञ्चालनको लागि थप सम्भाब्यता अध्ययन गरी कार्यक्रम संचालन गरिने छ । टोल तथा वडालाई पकेट क्षेत्रको रुपमा विकास गरी उत्पादनका कार्यक्रम संञ्चालन गरिनुको साथै यस आ व मा परीक्षण सफल भएका एक टोल एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. ब्यबसायिक रुपमा खेती गरिरहेका कृषकहरुलाइ समयानुकुल तालिमभ्रमण, तथा पुरस्कृत गर्ने ब्यबस्था कार्यान्वयन गरिने छ ।

६. आलु पकेट क्षेत्र कार्यक्रम अन्तरगत आलु उत्पादन, बजारीकरणमा अनुदानको ब्यवस्था गरी आलु उत्पादन तथा भण्डारणमा आत्मनिर्भर हुने आधार तयार गरी निर्यात गर्न जोड दिइने छ ।

७. आफ्नै गाउँमा कृषि ब्यबसाय गरी आत्मनिर्भर हुन चाहने बेरोजगार युवाहरुलाइ युवालक्षित कृषि अनुदान कार्यक्रम संचालन गर्न उत्पादन र मागमा आधारित अनुदान कार्यक्रम संञ्चालन गरी कृषि उपजको उत्पादनमा बृध्दि गरिने छ ।

८. कृषि उपजको बजारीकरणलाई टेवा पुर्‍याउन पालिकाको २ स्थानमा हाट बजार संञ्चालन गरिनेछ ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

९. विद्यालयहरुमा संञ्चालित दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको उपयोग गरी कृषकहरुलाई कृषि तथा पशुपालन ब्यबसायतर्फ आकर्षित गर्दै बालबालिकाहरुलाई पोषिलो ताजा खाजाका लागि नियमित आपुर्ति गराउने ब्यबस्था मिलाइने छ।

१०. व्याबसायिक खेति गरिरहेका कृषकहरुलाई थप आधुनिक प्रबिधि प्रति आकर्षित गराउन नमुना कृषक पाठशाला संचालनमा ल्याइने छ।

११. माटोको गुणस्तर वृद्धि गर्न प्राङ्गारिक मलको प्रयोग र बिषादीको प्रयोगलाइ न्यूनीकरण गरी प्रङ्गारिक उत्पादनलाइ जोड दिइनेछ।

१२. **" गोठ र खेतमा प्राविधिक सेवा, उत्पादनमा टेवा"** भन्ने नारालाइ आत्मसाथ गर्दै प्रत्येक किसानको घरखेतमा सेवा प्रदान गर्न कृषि तथा पशु प्राबिधकहरुलाइ परिचालन गर्ने नीति अबलम्बन गरिनेछ।

१३. विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी कृषि क्षेत्रको बिकासको लागि कार्यक्रम संञ्चालन गरिने नीति लिइनेछ।

१४. "**कृषि परिवर्तनको आधार, "उन्नत प्रबिधि र पूर्वाधार** नारालाई आत्मसाथ गर्दै कृषिमा यान्त्रिकरण गरि कृषिजन्य बस्तुको ब्यबसायिक उत्पादन गर्न आबश्यक प्रबिधियन्त्र उपकरणहरु अनुदानमा बितरण गरिने छ।, साथै बितरण गरिएका कृषि यन्त्र उपकरणहरुको मर्मत सम्भारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले सिपमूलक तालिम संञ्चालन गर्ने ब्यबस्था मिलाइनेछ।

१५. **"घरछेउमा तरकारी,पोषणका लागि करेसाबारी"** भन्ने नारालाइ आत्मसाथ गर्दै यस गाउँपालिका भरि प्रत्येक घरमा करेसाबारी स्थापना गर्न मिनिकिट वितरण कार्यक्रम संञ्चालन गरिनेछ।

१६. रासायनिक मल ढुवानीमा अनुदान र ५० प्रतिशत मूल्य अनुदानमा खाद्यान्न, तरकारी, मसला बालीको बीउँ उपलब्ध गराउने नीति लिइनेछ।

१७. यस गाउँपालिकाभित्रका कृषकहरुले फलफूल बगैचा स्थापनाका लागि एकै किसिमका कम्तिमा २०० भन्दा माथि बिरुवा रोप्न चाहने कृषकहरुलाई निःशुल्क बिरुवा उपलब्ध गराइने नीति लिइएको छ।

१८. उच्च मूल्य तथा महत्वका फलफूल तरकारी मसला दलहन तथा तेहलहन बालीको उत्पादन तथा प्रवर्द्धन गर्न सम्भाब्यताको आधारमा कार्यक्रम संचालन गरिने छन्।

१९. बर्षेनी भूक्षयबाट हुने खेतियोग्य जमीनको क्षेती न्यूनीकरणका लागी बाँस, डालेघाँस लगाउने कार्यलाई प्रोत्साहन गरिने छ।

२०. यस गाउँपालिकाभित्र परम्परागत रुपमा मौरीपालन गर्दै आएका कृषकहरुलाइ आवश्यक तालिम तथा गोलासहितको आधुनिक घार ५० अनुदानमा उपलब्ध गराउने %नीति लिइनेछ। साथै मौरीपालन ब्यबसाय गरिरहेका कृषकहरुलाई तोरी, सूर्यमुखि फुल बालीको बिउ निशुल्क उपलब्ध गराइनेछ। मौरीपालन ब्यवसाय संचालन हुने टोलमा बिषादी प्रयोगमा रोक लगाइनेछ।

२१. उन्नत बीउबिजन माटो, माटोपरीक्षण र बाली संरक्षण सेवालाई थप प्रभाबकारी रुपमा संञ्चालन गरिनेछ।

२२. व्यावसायिक कृषकहरुको पहिचान गरी परिचय पत्र दिइनेछ। साथै उत्पादनमा आधारित एक वडामा १ जना कृषकलाई बार्षिक २ लाख रुपियाँ भन्दा बढी कारोबार गर्ने किसानहरुलई प्रोत्साहन स्वरुप नगद रकम रु २० हजार प्रदान गरिनेछ।

**ख.उद्योग तथा पर्यटन**

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला



हेमन्त बहादुर चलाउने
अध्यक्ष

(उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका,निजीक्षेत्र र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू संञ्चालन गरिनेछन् ।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीयतहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजि क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

३. नव प्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्ट अपको सिष्टमको विकास गर्न उद्यमशीलाता सञ्चालन गरिनेछ । यस अन्तर्गत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन् ।

४. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरणर प्रभावकारी बनाइनेछ ।

५. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ ।

६. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलको संरक्षण प्रवर्धन तथा प्रचार प्रसार गर्न पहल गरिनेछ ।

७. स्थानीय कच्चा पदार्थबाट उत्पादन गर्ने साना उद्योगहरुलाई उत्पादन स्थल सम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुऱ्याइनेछ ।

८. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

९. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक, पदमार्ग जस्ता भौतिक संरचना निर्माण गर्न पहल गरिनेछ ।

१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप अन्य गाउँपालिकाहरुसँग सम्बन्ध विस्तार गरिनेछ ।

### ग. सहकारी

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हितसंरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

२. उत्पादन मूलक सहकारीहरुको स्थापना गरिएमा विंउ पूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइनेछ ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ ।

बसन्त बहादुर घलाउने
अध्यक्ष

### ३. सुशासन तथा संस्थागत विकास

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक,आर्थिक अवस्था,रोजगारीको अवस्था सहितका विवरणहरु समावेश हुने गरी विद्युतीय स्थानीयतह पार्श्वचित्र (Digital LG Profile) तयार गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुलउपर एव फछ्र्यौट गर्ने कार्य अगाडि बढाईनेछ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाम मुखी बनाईनेछ।

५. गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सोकार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा,राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज बिहीन सेवा प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ।

७. गाउँपालिका सुरक्षालाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

८. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

९. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको सूक्ष्म ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१०. विपन्न र न्यून आय भएका घरपरिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

११. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्चसंरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

१२. संघीय सरकार, प्रदेशसरकार र अन्य स्थानीयतहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१३. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढीकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने,गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

१५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

१६. न्यायिक समितिको अधिकारक्षेत्रभित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१७. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१८. सभाबाट हालसम्म निर्माण भएका ऐन,कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१९. मानव अधिकारको सम्मान, संरक्षण,सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।



बसन्त बहादुर चलाउने
अध्यक्ष

२०. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२१. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्वबाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपालसरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशीलक र प्रणाली अवलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

२३. गाउँपालिका आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२४. ढुंगा,गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगतगरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

२५. करदाताहरुलाई आफुले तिर्नुपर्ने मोटामोटी करदायित्व र कर तिर्ने समय सीमा समयमै जानकारी दिन निजहरुको सेलनम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

२६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

२७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२८. अव्यवस्थित बसोवासहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको समुहिक रुपमा पुनरावलोकन गरिनेछ।

२९. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्ने डिजिटल कर प्रणाली लागु गरिनेछ।

३०. सेवा प्रवाहलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन योजनाहरुको सम्झौता गर्ने काम वडास्तरमा नै गरिने नीति लिईनेछ।

३१. गाउँपालिका भरीका सरकारी कार्यालयहरुको रङ्गमा एकरुपताको निती ल्याइनेछ।

३२. प्रतिष्पर्धाका माध्येमबाट गाउँपालिकाको मौलिकता झल्कने गरी एउटा छुट्टै लोगो निर्माण गरी प्रयोगमा ल्याईने छ।

**४. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

२. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने निती लिइनेछ।

३. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिनेछ।

५. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरीसार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडि बढाइनेछ।

६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्नुको साथै न्यून हरितग्याँस



बसन्त बहादुर चलाउने
अध्यक्ष

उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सोसम्बन्धी अनुभव आदानप्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ताआयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

८. खाली जग्गामा वृक्षारोपण,हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र अवस्थामा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण तथा समुचित प्रयोगबाट स्थानीय समुदायको जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

९. पोखरी संरक्षण,पहिरो नियन्त्रण,विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल,जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गर्न पहल गरिनेछ।

१०. भू-सूचना प्रणालीको प्रयोग उच्चजोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिमन्यूनीकरण योजना तयार गरिनेछ।

११. विपद्जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमागरी सो अनुसार विपद्पूर्वतयारी, विपदन्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१२. ढुंगा,गिट्टी,बालुवा जस्ता नदी जन्यपदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई र संवेदनशिल जलाधार क्षेत्रको जमिन अतिक्रमण नियन्त्रण गरिनेछ।

१३. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१४. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरी व्यवस्थित गरिनेछ।

## ५. भौतिक पूर्वाधार विकास

१. आवधिक योजना,आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्चनतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका तथा अविकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचानगरी "आयोजना बैंक" तयार गरिनेछ। सो योजना बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. दिर्घकालीन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. एकिकृत बस्ती विकास योजनाद्धारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

५. खरले छाएको वडा नं ६ स्थित दलित बस्तीलाई खरको छानामुक्त बस्ती घोषणा गर्दै अन्य बस्तीहरु, वडाहरु क्रमस: गाउँपालिका नै खरमुक्त गाउँपालिका बनाउने नीति लिइनेछ।

६. गाउँपालिका विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरु पहिचान गरी **गाउँपालिका गौरव आयोजनाका** रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको व्यवस्थापनको लागि पहलकदमी गरिनेछ।

७. गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने नीति लिइनेछ। आवासीय भवनमा "एकघर-एकविरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

९. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार,कार्य सम्पन्न गरिनेछ।



बसन्त बहादुर चलाउने
अध्यक्ष

१०. प्रभावकारी सम्पति व्यवस्थापनका लागि तयार भएको सफ्टवेयर **सम्पति व्यवस्था सूचना प्रणाली (Asset Management Information System)** को प्रयोगलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।

११. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१२. कृषि,सिँचाई,गरिबी निवारण तथा पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,आर्थिक वर्ष २०८०।०८१ को लागि प्रस्तावित नीति कार्यक्रमले **"कृषि,स्वास्थ्य,शिक्षा र गुणस्तरीय पूर्वाधार,समृद्ध गाउँपालिका निर्माणको आधार"** निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन सम्बन्धित सबैको महत्वपूर्ण योगदान रहने मेरो विश्वास छ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन,उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन,सबल समाज निर्माण गर्न योगदान पुग्नेछ। नागरिकको गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच वृद्धिसँगै सेवा प्रवाहमा सारभूत परिवर्तन भई जनतामा स्थानीय सरकारप्रतिको विश्वासमा बढोत्तरी हुने अपेक्षा लिएको छु। छबिसपाथिभेरा गाउँपालिकाले अख्तियार गरेको नीति,कार्यक्रम तथा बजेटको सबल र सार्थक कार्यान्वयनमा सहयोग पुऱ्याउन संघीय र प्रदेश सरकार,विकास साझेदार संघ संस्थाहरु,निजी क्षेत्र,पालिकाका कर्मचारी,आम जनसमुदाय,बुद्धिजीवी लगायत सम्पूर्णमा सक्रीय सहयोग,सहभागिता तथा उच्च भूमिकाको अपेक्षा गर्दै धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**

बसन्त बहादुर चलाउने
अध्यक्ष